बैजनाथ गाउँपालिका

# बैजनाथ राजपत्र

खण्ड : ०७ संख्या : ०४ भाग : ०२ प्रकाशित मिति :२०८०/०७/२०

## बैजनाथ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयको सूचना

बैजनाथ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८०/०७/१९ गतेको बैठकबाट "बैजनाथ गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५" संशोधन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**प्रस्तावना**: "बैजनाथ गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५" मा संशोधन गर्न वान्छनीय भएकोले,

बैजनाथ गाउँपालिकाले यो कार्यविधि संशोधन गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम " बैजनाथ गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७५" रहनेछ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई बैजनाथ राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. **मूल कार्यविधिको दफा ४ उपदफा (३) क. मा संशोधनः**

मूल कार्यविधिको दफा ४ उपदफा (३) क. को सट्टामा देहायको उपदफा (३) क. राख्ने

"शैक्षिक योग्यता वापत - ७० (सत्तरी) अंक, (विशिष्ट श्रेणी वापत ७०, प्रथम श्रेणी वापत ६५, द्धितीय श्रेणी वापत ६०, तृतीय श्रेणी वापत ५५, (त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा)"

३. **मूल कार्यविधिको दफा ४ उपदफा (३) ख. मा संशोधनः**

मूल कार्यविधिको दफा ४ उपदफा (३) ख. हटाउने ।